DCC

**कैलाश गाँउपालिका मकवानपुर जिल्ला अन्तर्गतको कालि खोला, मनहरि खोला, राउटे खोला र गोरौडदी खोलाको बगर तथा खहरे क्षेत्रको तोकिएको स्थानबाट ढुंगा, गिट्टी, वालुवा उत्खनन तथा संकलनका कार्यका लागि**

# प्रारम्भिक वातावरणीय परिक्षणको

# कार्यसुचि (TOR)

**पेस गरिएको निकाय**

जिल्ला समन्वय समिती हेटौडा

मकवानपुर, ३ नं. प्रदेश, नेपाल

**प्रस्तावक**

कैलाश गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

मकवानपुर, ३ नं. प्रदेश, नेपाल

## प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम

**१.१ प्रस्तावको नाम :**
यस प्रस्तावको नाम कैलाश गाँउपालिका मकवानपुर जिल्ला अन्तर्गतको कालि खोला, मनहरि खोला, राउटे खोला र गोरौङदी खोलाको बगर तथा खहरे क्षेत्रको तोकिएको स्थानबाट ढुंगा, गिट्टी, वालुवा उत्खनन तथा संकलनका कार्यका लागि प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसुचि (TOR) हो ।

**१.२ प्रस्तावकको नाम र ठेगाना**
**नाम :** श्री कैलाश गाँउ कार्यपालिका
**ठेगाना :** गाँउ कार्यपालिकाको कार्यालय
मकवानपुर, ३ नं. प्रदेश, नेपाल

**सम्पर्क नं. ९८५५०६९४०५**

**ईमेल:** kailash.rmc@gmail.com

**वेबसाईट:**info@kailashmun.gov.np

**१ १.३ प्रारम्भिक वातावरण परिक्षण कार्यससूचि तयार पार्ने व्यक्ति वा संस्था**
नाम : वातावरणीय चेतनाको लागि एकीकृत विकास (IDEA Makawanpur)
ठेगाना : हेटौंडा-६, मकवानपुर ।
फोन : ०५७-५२१७७६
इमेल : gautambasantraj@gmail.com

**अध्ययन टोली:**

- टोली प्रमुख (वातावरण विज्ञ ) हरिदत्त जोशी
- वातावरण इन्जिनियर : अर्जुन अर्याल
- समाजशास्त्री : डा. धन बहादुर मोक्तान
- जिवशास्त्री/वनविज्ञ : भोला ढकाल
- भुभर्गशास्त्री : निरज बल तामाङ
- GIS Expert : मेनका हमाल

## २. प्रस्तावको सामान्य परिचय र सान्दर्भिकता

### २.१ प्रस्तावको पृष्ठभूमि :

कैलाश गाँउपालिका भएर बग्ने कालि खोला, मनहरि खोला, राउटे खोला र गोरौडदी खोलाको बगर क्षेत्रमा जम्मा भएर थुप्रिएको मात्रामा ढुङ्गा, गिट्टी तथा वालुवा लगायतका निर्माण सामाग्री प्रशस्त मात्रामा रहेकोले यस्ता नदिजन्य पदार्थको उत्खनन तथा संकलन गाँउपालिका मार्फत गर्ने कार्यलाइ तोकिएको स्थानहरुबाट मात्र उत्खनन र संकलन गर्ने, त्यस्तो नदीजन्य स्रोतको उपयोगवाट वातावरणमा क्षति नपुऱ्याउने गरी बढि व्यवस्थित तरिकाबाट उत्खनन गर्ने प्रकृया अवलम्वन गर्दै संघ, प्रदेश, तथा स्थानिय तहको राजस्वमा टेवा पुऱ्याउन वातावरण संरक्षण ऐन २०५३, वातावरण संरक्षण नियामावाली २०५४ ( संसोधन सहित ) को आधारका संघिय मामीला तथा स्थानिय विकाश मन्त्रालयद्वारा स्विकृत नदीजन्य पदार्थ उत्खनन तथा संकलन कार्यका लागी मार्गदर्शन २०७३ को प्रावाधान अनुरुप प्रारम्भिक वातावरणीय परिक्षणको कार्यसुचि स्विकृत गराइ सोहि वमोजिमको अध्ययन प्रतिवेदन को आधारमा नदीजन्य पदार्थ उत्खनन तथा संकलन कार्य गर्नुपर्ने व्यवस्थालाइ कार्यान्वयन गर्नु रहेको छ ।

### २.२ प्रस्तावको प्रकार :

यो प्रस्ताव कैलाश गाँउपालिका भएर बग्ने कालि खोला, मनहरि खोला, राउटे खोला र गोरौडदी खोलाको बगर वगर क्षेत्रवाट तोकीएको घाटहरुबाट नदीजन्य पदार्थ उत्खनन तथा संकलन वातावरण मैत्री ढंगवाट गर्ने कार्यको लागी हो ।

### २.३ प्रस्तावको प्रमुख विषेशताहरु :


| | | |
|---|---|---|
| १. | **प्रस्तावको नाम:** कैलाश गाँउपालिका भएर बग्ने कालि खोला, मनहरि खोला, राउटे खोला र गोरौडदी खोलाका वगर क्षेत्रवाट दिगो र वातावरणमैत्री रुपले ढुङ्गा, गिट्टि तथा बालुवा (नदीजन्य पदार्थ) उत्खनन तथा संकलन कार्यको पूर्व प्रारम्भिक वातावरण परीक्षण को कार्यसुचि । | |
| २. | प्रस्तावको अवस्थिति: | |
| | प्रदेश नं : | ३ |
| | जिल्ला : | मकवानपुर |
| | गाँउपालिका: | कैलाशगाँउपालिका |
| | वडा : | १, २, ३, ४, ५, ६ र ७ |
| ३. | भौगोलिक/हावापानी प्रकृति एवं विवरण : | |
| | नदीको नाम र प्रकार: | बाह्रमासे तर वर्षातमा अत्याधित पानिको वहाव |
| | भूबनोट : Terrain | समथर तथा भिरालो |
| | माटो Soil | विभिन्न ठाँउमा खोलाको वरपर कतै चट्याइलो माटो त कतै बलौटे |

| | | |
|---|---|---|
| | | ढुंगा माटो मिश्रण भएको |
| | उचाई (समुद्र सतह माथिको) | ३५९ मि. देखि ४८० मि. |
| | हावापानी Climate | सामान्यतया उत्खनन स्थल उष्ण हावापानि रहेको छ। यस ठाँउको औषत वार्षिक बर्षा २१०० मि.मि. भने तापकम २३°C |
| ४. | संकलन/उत्खनन कार्य, स्थल र प्रकृया: | |
| | संकलन/उत्खनन क्षेत्र | मनहरि खोलाको तोकिएको विभिन्न बगर क्षेत्र |
| | अक्षांश (Latitude) | ०२९३५७३ UTM |
| | देशान्तर (Longitude) | ३०५१५०७ UTM |
| | प्रस्तावत क्षेत्रमा जाने पहुचमार्ग | ग्राभेल तथा कच्चि बाटो |
| | संकलन/उत्खनन विधि | हाते औजारको प्रयोग गरेर मजदूरहरुबाट उत्खनन् गरिने र विशेष परिस्थिति सिर्जना भएमा मात्र स्थानिय सरकार लगाएतका निकायहरुको अनुमतीमा कार्य योजना बनाइ हेभि मेशिनको प्रयोग गर्न सकिनेछ। |
| | संकलन/उत्खनन् कार्यमा प्रयोग हुने सामाग्री वा मेशीनरी | कुटो ,कोदालो , अन्य हाते औजार, टिपर तथा ट्राक्टरको प्रयोग गरिने छ |
| | दैनिक/वार्षिक संकलन/उत्खननको परिमाण | दैनिक २५० घ.मि. भन्दा कम हुने गरि |
| | संकलन /उत्खनन् गरीने अबधि | वर्षमा ९ महिना असोज देखि जेठ (करिव २७० दिन) तर कामदारलाइ कानुनबमोजिम काममा लगाउने। |
| | संकलन/उत्खनन गरिने सामाग्रीहरु : | ढुङ्गा, गिट्टी, र वालुवा |
| | प्रस्तावत अर्न्तगतका कार्यहरु : | संकलन, उत्खनन तथा ढुवानी कार्य गरिने छ |
| | प्रभावित नगरपालिका, वस्ती, आदि | कैलाश गाउपालिका |
| | संकलन/उत्खनन् क्षेत्रको संख्या | १९ |
| ५. | IEE प्रतिवेदनको वैधानिकता : | IEE प्रतिवेदन स्वीकृत भएको मितिले २ बर्ष सम्म वैधानिक रहने छ। |

## ३. प्रस्तावको विवरण

### ३.१ प्रस्तावको क्षेत्रको अवस्थिति

प्रस्ताव क्षेत्र मकावानकुर जिल्लाको कैलाश गाँउपालिका अन्तर्गत कालि खोला, मनहरि खोला, राउटे खोला र गोरौङदी खोलाको वगर क्षेत्रमा पर्दछ । यस क्षेत्रको आक्षंश, देशान्तर, संकलन/उत्खनन् स्थल, उक्त स्थालमा जाने नजिकको पहुचमार्ग-उल्लेख साथै संकलन/उत्खनन क्षेत्रलाई नक्शामा देखाईएको छ ।




### ३.२ प्रस्तावित क्षेत्रमा यातायातको पहुचमार्ग :

ढुङ्गा, गिट्टी, वालुवा, संकलन/उत्खनन क्षेत्रमा पुग्नका लागि पहुँचमार्गको सुबिधा छ । सबै क्षेत्रहरुमा गाम्रीण ग्राभेल तथा कच्ची बाटो छन् । यस बाटोमा राम्रो संग टिप्पर, टयाक्टर र ढुवानीका साधनहरु चल्न सक्दछन् ।

### ३.३ प्रस्तावको क्षेत्र निर्धारण :

मकवानपुर जिल्लाको कैलाश गाँउपालिका भएर बग्ने कालि खोला, मनहरि खोला, राउटे खोला र गोरौङदी खोलाको वगर क्षेत्रवाट दिगो र वातावरणमैत्री रुपले ढुङ्गा, गिट्टि तथा बालुवा (नदीजन्य पदार्थ) उत्खनन तथा संकलन कार्य क्षेत्र रहेको छ । सङ्कलन/उत्खनन् गर्ने क्षेत्र निर्धारण गरि आक्षंश (Latitude) र देशान्तर

(Longitude) दिनुका साथै उपर्युक्त टोपोनक्शामा (TopoMap) तथा गुगलनक्शामा (GoogleMap) देखाइनेछ ।

### उच्च प्रभाव क्षेत्र

यो क्षेत्रमा ढुङ्गा, गिट्टी तथा वालुवा संकलन तथा उत्खनन गरिने स्थल पर्दछ । संकलन तथा उत्खनन गरिने स्थलबाट ५० देखि १५० मी. सम्म पर्ने वरपरका वरपरका वस्ती, नहर, सिचाई, खेतीयोग्य जमिन, स्कुल आदि, इत्यादि क्षेत्र तथा सडकलाई उच्च प्रभाव क्षेत्रमा राखिइएको छ । बनजंगल, घाट तथा खेतीयोग्य जमिनमा बढी प्रभाव पर्ने देखिन्छ।

### न्यून प्रभाव क्षेत्र

खोला संकलन तथा उत्खनन स्थलबाट १५० मी. देखि ५ कि. मी सम्म पर्ने वरपरका वस्ती, नहर, सिचाई, खेतीयोग्य जमिन, स्कुल आदि, इत्यादि न्यून प्रभाव क्षेत्रलाई राखिएको छ । उत्खनन् क्षेत्रका वडा तथा पुरै नगरपालिका नै न्यून प्रभाव क्षेत्रमा पर्दछन।

### ३.४ सङ्कलन तथा उत्खनन् र ढुवानी (कार्य र विधि) :

निर्दीष्ट क्षेत्रबाट ढुङ्गा, गिट्टी, बालुवाको संकलन/उत्खनन कार्य हात र हाते औजारहरु जस्तै कुटो, कोदालो, गैचि, साबेल आदिबाट गरिने छ र नदीजन्य पदार्थ संकलन/उत्खनन् कार्यमा संलग्न जनशक्तिलाई समाज तथा बातावरणमा पर्न सक्ने प्रतिकुल प्रभाव बारे अभिमुखिकरण तालिम द्वारा सचेत गराईने छ । नदीको प्राकृतिक बहावमा प्रतिकुल असर पर्ने र बहाव मार्ग परिवर्तन हुने गरि संकलन/उत्खनन् गर्न दिईने छैन । पानी भएको क्षेत्रमा संकलन/उत्खनन् कार्य नगर्ने र संकलन/उत्खनन कार्य दिउंसो मात्र गरिने छ । बर्षाको समयमा असार महिना देखि भदौ महिनासम्म संकलन/उत्खनन् कार्य गरिने छैन र अन्य समयमा ढुवानी कार्य गर्न ट्रलि, ट्राक्टरको तथा ट्रिपरको प्रयोग गरिने छ । सामान्य अवस्थामा डोजर, स्काभेटर, लोडर, जस्ता मेसिनको प्रयोग निषेधित गरिएको छ ।

### ३.५ प्रारम्भिक वातावरणीय परिक्षण IEE को कार्यसुचि (Terms of Reference)का उद्धेश्यहरु :

प्रस्तावित कार्यसुचि बातावरण ऐन र नियमावली, स्थानीय स्वायत्त शासन ऐन, नियम तथा मन्त्रालयका निर्देशनहरुको अधीनमा रही निम्नानुसार उद्देश्यहरु समावेश गरिएका छन् –

- मुख्य सवालहरुलाइ कार्यसुचिमा परिदृश्य गराउनु ।
- प्रारम्भिक वातावरणीय परीक्षणका लागि मार्गदर्शन दिनु ।
- अध्ययन क्षेत्र निर्धारण गर्नु ।
- वातावरणीय सवालहरुलाइ कार्यसुचिमा समावेश गर्नु एंव अध्ययन कार्यलाइ परिस्कृत गर्नु ।
- अध्ययनका लागी आवश्यक पर्ने निति, ऐन, नियम, निर्देशिका, निर्णयहरु,संबिधानका प्रावधानहरु एंव अदालतका नजिरहरुको संकलन पुरावलोकन गर्नु ।
- अध्ययनका लागी समय, वजेट, जनशक्ति आदिको बारेमा रुपरेखा तयार पार्नु ।

### ३.६ प्रारम्भिक वातावरणीय परिक्षण IEE को उद्देश्यहरु:

कैलाश गाँउपालिका भएर बग्ने कालि खोला, मनहरि खोला, राउटे खोला र गोरौडदी खोलाको तोकिएका वगर क्षेत्रवाट ढुंगा, वालुवा, ग्राभेल संकलन गर्न प्रारम्भिक वातावरणीय परिक्षण गर्नुको मुख्य उदेश्यहरुलाइ निम्नानुसार उल्लेख गरिन्छ ।

- प्रास्तावित वातावरणीय पक्षको आधारभूत तथ्यांकहरु संकलन गर्नु
- संकलित तथ्यांकहरुको विश्लेषण प्रभाव मुल्यांकन ( उच्च, मध्यम, न्यून ) बारे एकिन गर्नु साथै बढोत्तरी का उपाय बढाउन ।
- प्राकृतिक स्रोतको दिगो रुपमा समुचित उपयोग गर्नुका साथै स्थानिय तह, प्रदेश एंव संघिय सरकारको राजस्वमा टेवा पुऱ्याउन वैधानिकरण गर्ने
- वातावरणीय संवेदनशिलता प्रति सचेत गर्न गराउन, विध्यमान निति, ऐन, नियम, संबिधानको मौलिकहकको कार्यान्वयन गर्न र सरोकारवालाहरुको भुमिकामा वृद्दि गराउन ।
- वातावरणमा पर्ने नकारात्मक प्रभावलाई न्यूनीकरण र सकारात्मक प्रभावलाई अभिमुखीकरण तथा बढावा गर्न , अनुगमन योजना, वातावरणको पुनस्थापना कार्यमा बजेट विनियोजन गर्न ।
- IEE गरे पुग्छ वा पुग्दैन भनेर एकिन गर्न ।

### ३.७ प्रारम्भिक वातावरणीय परिक्षण IEE को आवश्यकता र औचितय :

नेपालको संविधान को धारा ३० को उपधारा १,२ र ३ ले व्यवस्था गरे अनुरुप वातावरणीय स्वच्छता, एंव प्रदुषण कम गर्ने गरी वातावरण संरक्षण ऐन २०५३ र नियामावालि २०५४ तथा स्थानिय सरकार संचालन ऐन २०७४ नियमहरु, संघिय मामिला तथा स्थानिय विकाश मन्त्रालयद्धारा तयार पारिएको मार्गदर्शन २०७३ को अधिनमा रही संकलन तथा वितरण समेत गर्नलाई यो प्रस्ताव तयार गर्नुपर्ने आवस्यकता रहेकाले यो कार्यको औचित्य पुष्टि हुन्छ ।

## ४. प्रतिवेदन तयार गर्दा अपनाउनुपर्ने विधि

### ४.१. प्रारम्भिक अध्ययन :

यस प्रकारको अध्ययनमा उपलब्ध सन्दर्भ सामग्रीहरुको अध्ययन, नक्शाहरुको अध्ययन तथा प्रश्नावलीहरुको तयारी र चेकलिष्टहरुको तयारी तथा तिनको परीक्षणपछि अन्तिम रुप दिने कार्य गरिने छ । कार्यालयमानै Field वाट प्राप्त सुचनाहरुको विष्लेषण तथा समायोजन गरिने छ । प्रस्ताव कार्यान्वयन हुने क्षेत्र, त्यहा वरपरको भौतिक वातावरण सम्बन्धि जानकारी हासिल गर्न टोपोग्राफीक नक्शा (Topographic Map), भू उपयोगिता सम्बन्धि नक्शा (Land Utilization Map), भूमि प्रणाली नक्शा (Land system Map), जिल्लाको नक्शा (District Land system Map) हरुको संकलन तथा अध्ययन गरिनेछ ।

प्रतिवेदन तयार गर्ने क्रममा सम्बन्धित उद्धेश्य प्राप्तिका लागि अध्ययन टोलीले उपलब्ध भए सम्मका सन्दर्भ सामग्रीहरु अध्ययन गर्ने छ । यस क्रममा खासगरी वन क्षेत्रको नीति २०४६, वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४, स्थानीय स्वयत्त शासन ऐन-२०५५, वन ऐन २०४९, वन नियमावली २०५१, जैविक विविधता सम्वन्धी रणनीति २०५९, राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५० वन क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५२, सामुदायिक वनको दिग्दर्शन, वन क्षेत्रको लागि प्रारम्भिक  वातावरण परीक्षण कार्यसूची र प्रतिवेदनको दिग्दर्शन, भु संरक्षण ऐन, जिल्लाको वार्षिक वन पैदावार सदुपयोग योजना, अदालका नजिरहरु र पंचवर्षीय योजनाहरु प्रमुख रुपमा रहने छन् । साथै यस प्रस्तावसँग सम्बन्धित हुनसक्ने अन्य लेख रचना र सामग्रीहरु भएमा तिनको समेत पुनरावलोकन हुने छ ।

### ४.२. फिल्ड सर्भे एवं प्रस्ताव क्षेत्र निरिक्षण

अध्ययन टोलीले प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा स्थलगत भ्रमण गरी तहाँको भौतिक, जैविक, सामाजिक-सांस्कृतिक तथा आर्थिक वातावरण सम्बन्धी आवश्यक सूचनाहरु हासिल गर्ने छ । प्रतिवेदन तयार गर्न आवश्यक पर्ने पहिलो र दोस्रो क्रमका सूचनाहरु स्थलगत सर्वेक्षण र GPS वाट सर्भे तथा नक्सांकन गरि सन्दर्भ सामग्रीहरुको पुनरावलोकनबाट प्राप्त गरिने छ । प्रतिवेदन तयार पार्न आवश्यक पर्ने प्रारम्भिक भौतिक तथा जैविक वातावरण सम्बन्धी तथ्याङ्कहरु वन क्षेत्रको स्थलगत भ्रमण, सर्वेक्षणबाट र सामाजिक, आर्थिक र सास्कृतिक वातावरणीय तथ्याङ्कहरु घरधुरी सर्वेक्षण, सहभागीतामूलक ग्रामीण लेखाजोखा वा सहभागितामूलक नक्शाहरुबाट संकलन गरिने छ ।

प्रस्ताव कार्यान्वयन हुने स्थानहरुको सामाजिक, आर्थिक तथा अन्य सूचनाहरु जिल्लावाट प्रकाशित हुने वा भएका विभिन्न निकायका मुखपत्रहरुवाट प्राप्त गरिने छ र सो सूचनाहरुको सत्य तथ्य मिलान गर्न स्थानीय स्तरमा छड्के जाँच गर्न नियमानुसार आवश्यक पर्ने बुँदाहरु समेट्ने गरी प्रश्नावली तथा चेकलिस्ट तयार पारिने छ । खोलाहरु र त्यहाँका वनस्पति, वन्यजन्तु, चराचुरुङ्गी र किराफट्याङग्राहरुको समेत जानकारी हासिल गर्न आवश्यक चेकलिस्ट तयार पारिने छ ।

### ४.३. सार्वजनिक सूचना, जनपरामर्श एवं सिफारिस पत्रहरु

यसमा वातावरण संरक्षण नियमावली २०५४ (संशोधनसहित) को अधीनमा रही यसले सुझाएको प्रक्रिया अनुसरण गरि वातावरणीय अध्ययन गरिने छ। जसअनुसार सर्वप्रथम प्रारम्भिक वातावरण परीक्षण प्रतिवेदन तयारीको लागि तयार कार्यसूची स्वीकृत भए पश्चात् कुनै एक राष्ट्रिय दैनिक पत्रिकामा १५ दिने सार्वजनिक सूचना प्रकाशित गरी प्रस्ताव कार्यान्वयन हुँदा स्थानीय वातावरणमा पर्न सक्ने प्रभावका बारेमा लिखित राय सुझाव दिन अनुरोध गरिने छ। उक्त सूचना सम्बन्धित गा.पा./न.पा,को कार्यालय, जि.स.स, विद्यालय, अस्पताल, स्वाथ्य चौकि, प्रहरी चौकी बन सरोकारहरु, राष्ट्रपति चुरे संरक्षण कार्यालय तथा अन्य सार्वजनिक संस्था र स्थलका टांस गराइ भरपाइ र सिफारिस पत्रहरु लिने र सो पत्रहरु IEE प्रतिबेदनमा समेत संलग्न गरिने छ। यसको आधारमा प्राप्त राय सुझाव प्रस्तावित स्थान वरपर पाइने वन, जीवजन्तु, वनस्पति र जैविक विविधता क्षेत्रको स्थलगत भ्रमण गरी प्रारम्भिक वातावरणीय परीक्षण गरिने छ। यसरी अध्ययन गरी प्राप्त जानकारी र सरोकारवालाहरु समेतको राय सुझावको आधारमा प्रारम्भिक वातावरणीय परीक्षण मस्यौदा प्रतिवेदन तयार गरिने छ।

### ४.४ फिल्ड अध्ययन भ्रपणको कममा प्रस्ताव क्षेत्रको भ्रमण एवं अवलोकनबाट भौतिक वातावरण सम्बन्धी विवरण तयार गर्ने :

#### ४.४.१ भौतिक वातावरण सम्बन्धी तथ्याङ्क संकलन :

यस सम्बन्धी कार्यमा अध्ययन टोलीले सम्बन्धित क्षेत्र वरपर रहेका केही नमूना क्षेत्रहरु छानी ती क्षेत्रहरुको हिडेर स्थलगत अध्ययन विश्लेषण गर्ने छ। यस टोलीले प्रस्तावित क्षेत्र वरपर बस्ने ग्रामीण जनता, Key Informants, Local Workers, truck and Tractor owners, Local Collectors सँग समूहगत वा एकल सोधपूछ र छलफल गरी त्यस क्षेत्रको भौतिक जानकारी, खासगरी चट्टान, माटो, जलाधार, पहिरो, खोलानाला, हावापानी आदिका बारेमा थाहा पाउने उपाय गरिने छ भने रासायनिक पदार्थहरुको प्रभाव तथा प्रतिकूल प्रभाव न्युनिकरण सम्बन्धमा सम्बन्धित विशेषज्ञको विश्लेषण तथा राय सुझाव समावेश गरिने छ। Primary data collection बाट नआएको information secondary sources जस्तै jounals,published papers बाट साभार गरिने छ।

#### ४.४.२ जैविक वातावरण सम्बन्धी तथ्याङ्क संकलन :

अध्ययन टोलीले सम्बन्धित क्षेत्रमा स्थलगत भ्रमण गरी तथ्याङ्क संकलन गर्ने छ। यसको लागि टोलीले प्रस्ताव कार्यान्वियन हुने क्षेत्रमा पाइने वन्यजन्तु, चरा, बनस्पति, कीटपतङ्गको हकमा आवश्यक जानकारी टिपोट गर्ने छ। त्यसै गरि पानीमा पाइने माछा लगाएत जलचरको बारेमा जानकारी लिन खोलामै माछा मारेर निर्वाह गर्ने माछाहरीहरुसँग सोधपुछ गर्ने र संकलित नमुनाहरुको पहिचान गरिनेछ। साथै यहा पाइने चरा पुतली, किरा, स्तनधारी जीवहरुको बारेमा जानकारी लिन स्थानीय जनता, Key Informants, Local Workers, Local Collecters, truck and Tractor owners सँगसोधपुछ गरी त्यस क्षेत्रको जैविक वातावरणको जानकारी संकलन गरिने छ। साथै सोही अवसरमा प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्नसक्ने अनुकूल वा प्रतिकूल प्रभावको बारेमा समेत छलफल गरी तथ्याङ्क संकलन गरिने छ।

### ४.४.३ सामाजिक, आर्थिक, सांस्कृतिक वातावरण सम्बन्धी तथ्याङ्क संकलन :

यस प्रकारको तथ्याङ्क संकलन गर्न अध्ययन टोलीले प्रस्ताव कार्यान्वयन हुने क्षेत्र वरपर बसोवास गर्ने स्थानीय जनताको घरदैलो कार्यक्रम अपनाई छनौट गरिएका घरधुरी सर्वेक्षण गरिने छ (random sampling method) । उक्त क्षेत्रमा रहेका धार्मिक, पर्यटकीय तथा सांस्कृतिक महत्वका स्थानहरुमा प्रस्ताव कार्यान्वयनले पार्न सक्ने प्रभावका बारेमा समेत स्थानीय स्तरमा सहभागितामूलक छलफलबाट सूचना संकलन गरिने छ । यसरी जानकारीहरु हासिल गर्दा विभिन्न जात, भाषा, धर्म, पेशा, वर्ग र लिंग आदिको प्रतिनिधित्व हुने गरी व्यवस्था मिलाइने छ । तयार गरिएका प्रश्नावलीहरु छनोट गरिएका घरधुरीको पारिवारिक विवरण, पेशा, बसोबास, भू–स्वामित्व, कृषि तथा पशुपालन, शैक्षिक स्थिति, वार्षिक आम्दानी ढुङ्गा गिटी र वालुवाको उपयोगसम्बन्धी जानकारी संकलन गर्न प्रयोग गरिने छ ।

### ४.४.४ स्रोत सर्भेक्षण तथा पुरानो उत्खनन शैलिको अध्ययन

प्रस्तावित क्षेत्रको स्रोतको सर्भेक्षण फिल्ड अनुगमन टोलिले गर्नुका साथै त्यस क्षेत्रमा भएका पुराना उत्खनन क्षेत्र, शैलि र तिन्का अर्न्तसम्वन्धको अनुगमन गरिने छ । यस कार्यका कममा स्थानिय वासि, सरोकारवाला र व्यवसायि सँग पनि छलफल गरिने छ ।

### ४.४.५ तथ्याङ्क समीक्षा एवं वातावरणीय प्रभावको अनुगमन

स्थलगत भ्रमणबाट प्राप्त सूचनाहरुको अध्ययन तथा सन्दर्भ ग्रन्थ तथा सामग्रीहरुको पुनरावलोकनबाट प्राप्त जानकारीहरुलाई प्रस्ताव कार्यान्वयन गर्दा हुने वा हुन सक्ने संभाव्य प्रतिकूल र अनुकूल प्रभावको पहिचान गरी तिनलाई भौतिक, जैविक, सामाजिक-सांस्कृतिक-आर्थिक गरी तीन शीर्षकमा छुट्याएर वर्गीकरण गरिने छ ।

प्रस्तावित क्षेत्रको विशेष अध्ययन गर्दा गरिएको विश्लेषणबाट आएका प्रथम र दोस्रो क्रममा भएका तथ्याङ्क तथा जानकारीलाई संक्षिप्तिकरण गरी आवश्यकता अनुसार तालिकामा राख्ने तथा प्रतिवेदनको उपयुक्त भागमा समावेश गरी त्यसको संख्या समेत गणना गरिनेछ ।

यस प्रस्ताव कार्यान्वयन क्षेत्रको सन्दर्भ सामाग्री तथा फिल्डको अनुगमन पुनरावलोकनबाट प्राप्त जानकारीलाई प्रस्ताव कार्यान्वयन गर्दा हुने सम्भाव्य अनुकूल र प्रतिकूल असरहरुको पहिचान गरी त्यसको जैविक, भौतिक, सामाजिक आर्थिक गरी ३ शिर्षक अर्न्तगत छुट्याईनेछ । पहिचान गरिएका सम्भाव्य अनुकूल र प्रतिकूल असरहरुको स्थानीय वातावरणमा भविष्यमा हुन सक्ने परिवर्तनहरुको अनुमान गरिनेछ । वातावरणीय पद्धतीको विश्लेषण गर्न मेट्रिक्स प्रणाली अपनाईनेछ । प्रस्तावसँग सम्वन्धित नीति, कानुन, नियम, निर्देशिका र पूर्व अनुभव तथा विशेषज्ञताको आधारमा ठहर गरिनेछ । वातावरणीय प्रभावको अनुगमन गर्दा ति प्रभावहरुलाइ महत्वपुर्ण र महत्वहिन गरी वर्गिकरण गर्ने कममा निम्न पक्षहरुलाइ ध्यान दिनु पर्दछ ।

| | | |
|---|---|---|
| १ | प्रकृति (Nature) | प्रत्यक्ष (Direct) |
| | | अप्रत्यक्ष (Indirect) |
| २ | आकार (Size) | उच्च (High) |
| | | मध्यम (Medium) |
| | | न्यून (Low) |

| | | |
|---|---|---|
| ३ | सिमा (Extent) | स्थान विशेष (Site Specific ) |
| | | स्थानीय (Local) |
| | | क्षेत्रीय (Zonal) |
| ४ | अवधिलाइ (Duration) | अल्पकालिन (Short term) |
| | | मध्यम (Medium Term) |
| | | दीर्घकालिन (Long Term) |
| ५ | प्रकार (Type) | फाइदाजनक ( Benificial) |
| | | प्रतिकुल (Adverse) |

उपरोक्त तालिकाको आधारमा तथ्यांकहरुको समिक्षा एंव प्रभावको अनुमानलाइ ब्यक्त गर्नुपर्दछ ।

## ५.प्रतिवेदन तयार गर्दा विचार गर्नु पर्ने नीति , ऐन नियम तथा निर्देशिका (Policy,Act,Rule,Directives to be considered while writing report)

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दा निम्न बमोजिमका सरकारी नीति, ऐन, नियम तथा निर्देशिकाहरुलाई मूख्यरुपमा ध्यान दिई त्यसैको आधारमा तयार गरिने छ ।

| | |
|---|---|
| **संविधान** | • नेपालको संविधान |
| **नीति तथा रणनीतिक योजनाहरु** | • राष्ट्रिय जैविक विविधता सम्बन्धि रणनीति, २०५९<br>वन नीति, २०७१<br>राष्ट्रिय सिमसार नीति-२०५९<br>राष्ट्रिय संरक्षण रणनीति २०४५<br>राष्ट्रिय भू-उपभोग नीति २०६८<br>श्रम तथा रोजगार नीति २०६२ |
| **ऐन तथा नियमहरु** | • वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियावली, २०५४ (संसोधन २०७३/०१/२०)<br>• वन ऐन, २०४९ र वन नियमावली, २०५१<br>• राष्टिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९<br>• भू -तथा जलाधार संरक्षण ऐन, २०३९ तथा नियमावली, २०४२<br>• जलस्रोत ऐन, २०४९<br>• जलचर ऐन, २०१७<br>• खानी तथा खनिज पदार्थ ऐन, २०४२ र नियामवाली -२०५६<br>• फोहर व्यवस्थापन ऐन, २०६८<br>• श्रम ऐन, २०४८ (१९९१) तथा नियम, २०५०<br>• बालश्रम ऐन २०५९<br>• सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४<br>• भूमि सम्बन्धि ऐन- २०२१ तथा नियमहरु-२०२१ |
| **निर्देशिका एवं मापदण्डहरु** | • राष्ट्रिय वातावरणीय प्रभाव मुल्याङ्कन निर्देशिका, २०५०<br>• वातावरणमैत्री स्थानीय शासन प्रारुप, २०७०<br>• वनसंग सम्वन्धित अन्य निर्देशिकाहरु<br>• जिल्लास्तरबाट नदीजन्य पदार्थ संकलन र उत्खनन कार्यका लागि गरिने प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन को कार्यसूची तथा प्रतिवेदन |

| | |
|---|---|
| | स्वीकृतिसम्बन्धी मार्गदर्शन, २०७३<br>• रास्ट्रपति चुरे संरक्षण गुरु योजना -२०७४<br>• चुरे क्षेत्र बिकाश मापदण्ड -२०७२<br>• वन क्षेत्रको वातावरणीय प्रभाव मुल्यांकन निर्देशिका -२०५२<br>• भूकम्प प्रभावित संरचना निर्माणको प्रारम्भिक वातावरणीय परिक्षण कार्यविधि -२०७२ (दोश्रो संसोधन २०७४)<br>• वनसँग सम्बन्धित अन्य निर्देशिकाहरु<br>• श्रमिकहरुको न्यूनतम पारिश्रमिक सम्बन्धि नियम -२०७५ |
| **अन्तराष्ट्रिय सन्धि तथा महासन्धिहरु** | • जैविक विविधता महासन्धि (१९९२)<br>• CITES महासन्धी (१९८३) |
| **निर्णयहरु तथा अन्य सम्बन्धित प्रसंगहरु** | • ढुंगा, गिट्टी, वालुवा तथा मिस्कट संकलन सम्वन्धमा सर्वोच्च अदालतको निर्णय<br>• नदिजन्य पदार्थको उत्खनन् तथा संकलनको अधिकार प्रत्यायोजन (२०७२/११/१८ र २०७२/१२/१७)<br>• ढुंगा, गिट्टी, वालुवा तथा मिस्कट संकलन सम्वन्धमा मन्त्रीपरिषद्का निर्णयहरु, मन्त्रालयस्तरीय निर्णयहरु, केन्द्रीय अनुगमन तथा समन्वय समितिका निर्णहरु तथा अन्य सम्बन्धित निर्णय, निर्देशन, परिपत्र, आदेशहरु । |

## ६.प्रतिवेदन तयार गर्दा लाग्ने समय, अनुमानित खर्च र अध्ययन टोली

### ६.१ अध्ययनको समय तालिका (Time Schedule) :

अध्ययन प्रतिबेदन तयार गर्न तिन महिना समय लाग्नेछ र निम्न अनुसार गर्नु पर्ने छ।

| क.स. | क्रियाकलापको विवरण | समय (हप्तामा) | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ |
| १ | तथ्याङ्क संकलन (Primary and Secondary Information collection) सन्दर्भ सामग्रीहरुको अध्ययन र कार्यसुचि पुनरावलोकन | | | | | | | | | | | | |
| २ | १५ दिने सार्वजनिक सुचना प्रकाशन, फिल्ड अध्ययन, तथ्यांकन संकलन | | | | | | | | | | | | |
| ३ | सिफारिस तथा राय सुझाव संकलन ,स्थानीय सरोकारवालाहरुसंग परामर्श | | | | | | | | | | | | |
| ४ | तथ्यांकहरुको विश्लेषण तथा मस्यौदा प्रतिबेदन तयारी | | | | | | | | | | | | |
| ५ | प्रतिवेदनको प्रस्तुतीकरण जि.अ.स | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | मा तथा सुझाब संकलन | | | | | | | | | | | | |
| ६ | परिमार्जित प्रतिवेदन पुनरावलोकन समितिमा प्रस्तुतीकरण | | | | | | | | | | | | |
| ७ | अन्तिम प्रतिबेदन स्वीकृतिको लागी अधिकार प्राप्त निकायमा पेश गर्ने | | | | | | | | | | | | |

## ६.२ अध्ययन खर्च लागत (Budget) :

प्रस्तावित प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्न निम्नानुसारको बजेट सिफारिस गरिएको छ । जुन राक्सिरांग गाउँ कार्यपालिकाले व्यहोर्नें छ ।

| सि.न. | कार्य विवरण | सङ्ख्या | दर | पटक | जम्मा |
|---|---|---|---|---|---|
| मानव संसादान शीर्षक: | | | | | |
| १ | वातावरण बिज्ञ | १ | १७४० | १४ | २४,३६० |
| | भुगर्भविद् | १ | १७४० | १४ | २४,३६० |
| | समाजशास्त्री | १ | १७४० | ९ | १५,३६० |
| | जीवबिज्ञान शास्त्री | १ | १७४० | १४ | २४,३६० |
| | GIS Expert | १ | १२७० | ७ | ७,५६० |
| | वातावरण इन्जिनियर | १ | १२७० | ९ | ११,३४० |
| | कम्प्युटर अपरेटर | १ | ९२५ | ९ | ८,३२५ |
| | तथ्यांक विश्लेषक | १ | ९२५ | ७ | ६,७४५ |
| | कार्यालय सहायक | १ | ९२५ | २० | १८,५०० |
| | | क | | | १,४०,९४० |
| २ | सामान्य शीर्षक: | | | | |
| | स्टेसनरी सामान, फोटोकपी,प्रिन्ट,प्रतिबेदन तयारी | | | | ४०००० |
| | यातायात खर्च ,श्रमिक,संचार | | | | ४८००० |
| | सार्बजनिक सूचना प्रकाशन | | | | ३०००० |
| | प्रस्तुतीकरण | | | | २०००० |
| | GIS mapping and printing | | | | ५०००० |
| | | | ख | | १,८८,००० |
| | | | **क + ख** | | **३,२८,९४०** |

श्रोत:सडक बिभाग भू-वातावरण तथा सामाजिक शाखाको नर्म्स- २०६४ अनुसार

## ६.३ अध्ययन टाली (Study Team) :

- वातावरण बिज्ञ
- समाजशास्त्री
- जिवशास्त्री
- भुगर्भविद्
- GIS बिज्ञ
- अन्य आवस्यक बिज्ञ समाबेश गर्न सकिने

## ७.वस्तुगत वातावरण वातावरणीय अवस्थाको बयान :

### ७.१. भौतिक वातावरण :

- भूस्थिति
- माटोको प्रकार एंव भूगर्व
- जलाधार क्षेत्र
- जलबायु हावापानि र जलाधार क्षेत्र
- हावा र पानिको गुणस्तर एंव ध्वनिको मात्रा
- भू उपयोग

### ७.२. जैविक वातावरण :

- वन तथा वनस्पति
- प्रस्ताव प्रभाव क्षेत्रमा पाइने वन्यजन्तु, जलचर तथा माछा
- प्रस्ताव प्रभाव क्षेत्रमा पाइने दुर्लभ, लोपउन्मुख एंव संरक्षित प्रजातिहरु

### ७.३. सामाजिक, आर्थिक तथा सांस्कृतिक वातावरण :

- प्रस्ताव कार्यान्वयन क्षेत्रको प्रभावित गाँउपालिका वा नगरपालिकाको जनसंख्या
- जातजाति
- शिक्षा एंव साक्षरता
- पेसा, धर्म
- उर्जा, विजुलि एंव संचार
- खानेपानि एंव स्वाथ्यको सुविधा
- यातायात र पहुच मार्ग
- धार्मीक, सांस्कृतिक एंव ऐतिहासिक स्थलहरु
- अन्य सामुदायिक संरचना स्थलहरु

## ८. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभाव :

### ८.१ सकारात्मक प्रभावहरु

- आयस्रोतको एवं रोजगारीको अवसर
- बाटो र सडकसञ्जाल बृद्धि
- स्थानिय तहको आयश्रोतमा बृद्धि
- जलउत्पन्न प्रकोपमा कमि
- विकाश निर्माण सामाग्रीको उपलब्धता

### ८.२ नकारात्मक असरहरु

#### ८.२.१ भौतिक वातावरण

- बाढी एंव अन्य जलउत्पन्न प्रकोप
- नदिको बहाव बाटोमा आउने प्रभाव
- भिरालोपन
- भौतिक संरचनामा हुने असर
- पानि तथा सरसफाइ
- धुलोपन एंव ध्वनि
- संकलन तथा उत्खनन सामाग्रीको प्रभाव
- फोहोरमैला एंव खेरजाने सामाग्री

#### ८.२.२ सामाजीक, आर्थीक एंव सांस्कृतिक वातावरण

- बाटो र सडकसञ्जाल
- विकास निर्माण सामग्रकिो उपलब्धता
- धार्मिक, सांस्र्कतिक एंव ऐतिहासिक स्थल
- पेशागत स्वास्थ्य तथा सुरक्षामा असर पर्नु
- जनसङ्ख्या विस्थापना
- खेतीयोग्य जमिन एंव कृषिजन्य सामग्री
- कामदारबीच भैं भगडा
- नदीको वरपर बस्ती विस्तार एवं नदी अतिक्रपण
- पैदलयात्रीको सुरक्षा

### ८.२.३ जैविक वातावरण

- माछा एवं अन्य जलचरमा पर्ने प्रभाव
- वन्यजन्तुको आवतजावत
- गैरकानुनी शिकार
- वन्यजन्तु एवं वनपैदावारको गैरकानुनी व्यापार

### ८.२.४ रासायनिक वातावरण

- इन्धन, लुब्रिकेन्ट्स, अम्ल तथा अन्य रसायनहरुको चुहावट
- धुलो एवं धुँवा उत्सर्जन

## ९. प्रस्ताव कार्यन्वयनका विकल्पहरु

विकल्प विश्लेषण वातावरणीय प्रभाव अध्ययनको महत्वपुर्ण अंगको रुपमा लिइन्छ । नदिजन्य पदार्थ संकलन गर्दा वन क्षेत्रका साथै संकलन क्षेत्रमा कुनै किसीमको हानी नोक्सानी नपारी तथा वातावरणमा कुनै प्रभाव नपार्ने गरी संकलन गर्ने व्यवस्था गरिनेछ । खोलामा बाढि नआएको बखत संकलन गर्न दिइनेछ । संकलन कार्यमा वातावरणलाइ असर नपार्ने परम्परागत तथा आधुनिक साधनको प्रयोग गरिनेछ । जैविक विविधताको संरक्षणलाइ ध्यानमा राखि निर्धारित स्थानबाट मात्र प्रस्ताव कार्यान्वयन हुने र यो प्रस्तावले वातावरणलाइ क्षति नपुर्‍याइ प्रस्तावमा उललेखित श्रोत सर्वेक्षणबाट निर्धारित भए बमोजिम परिमाण मात्र संकलन गर्ने व्यवस्था मिलाइने छ ।

वातावरण संरक्षण नियामावाली २०५४ को अनुसुचि ३ मा उल्लेख भए अनुसार विश्लेषण गर्नु पर्ने विकल्पहरु निम्नानुसार रहेका छन् ।

१. आयोजना स्थल

२. प्रस्ताब कार्यान्वयन नगर्ने

## १०. प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावहरुको रोकथामका उपायहरु :

प्रस्तावको बढोत्तरीकरण/न्यूनीकरण गर्ने उपायहरुको चर्चा गर्दा देहायका विषयवस्तुहरु समावेश गरिनुपर्दछ । अध्ययनका क्रममा पहिल्याएका एवं अनुमान गरिएका हरेक सकारात्मक प्रभावहरुको बढोत्तीकरण गर्ने उपायाहरु एवं हरेक नकारात्मक प्रभावहरु निषेध गर्ने/सच्याउने/क्षतिपूर्ति तिर्ने जस्ता प्रभाव न्यूनीकरण उपायहरु प्रतिवेदनमा उल्लेख गरिनेछ । यो प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावहरु कम गर्न लाग्ने खर्च र त्यसबाट प्राप्त हुनसक्ने आर्थिक र अन्य लाभहरुबारे विश्लेषण गरी उपयुक्त सुझाव प्रतिवेदनमा समावेश गरिनेछ ।

प्रभाव बढोत्तरीकरण एवं न्यूनीकरणका उपायहरु प्रस्ताव कार्यान्वयनको (सङ्कलन/उत्खनन् ढुवानी) चरणमा भौतिक, जैविक, सामाजिक आर्थिक एवं सांस्कृतिक र रासायनिक वातावरण गरी ४ समूहमा वर्गीकरण गरिनेछ ।

वनस्पति एवं वन क्षेत्र सँग सम्वन्धित न्यूनिकरणको उपायहरु प्रस्ताव गर्दा “वन क्षेत्रको जग्गा अन्य प्रयोजनको लागि उपलब्ध गराउने कार्यविधि, २०६३” अनुरुप प्रस्ताव गरिनेछ ।

हरेक वातावरणीय प्रभावलाई समेट्ने गरी वातावरणीय “प्रभाव-म्याट्रिक्स” तयार पारिनेछ ।

## ११. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नुपर्ने कुराहरु :

अनुगमन प्रक्रियालाई दुरुस्त वनाउन उपयुक्त अनुगमनका सुचकहरु र मापदण्ड तयार पारी प्रभावकारी अनुगमन प्रक्रिया प्रतिवेदनमा समावेश गरिनेछ ।

## ११. अन्य सान्दर्भिक विषयवस्तु :

सामान्यतया प्रताव कार्यान्वयन हुने आयोजनामा निम्न किसिमका अनुगमन गरिन्छ

१. रेखा अनुगमन (Baseline Monitoring),

२. नियमपालन अनुगमन (Compliance Monitoring)

३. प्रभाव अनुगमन (Impact Monitoring)

## १२. प्रतिवेदनको ढाँचा :

प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्ने प्रस्तावकले प्रकृति अनुरुप वातावरण संरक्षण नियमावली, २०५४ को अनुसूची ६ मा उल्लेख भएको ढाँचामा निम्नानुसारका बुँदाहरु समावेश प्रतिवेदन तयार गरिनेछ ।

- प्रस्तावको सारांश
- विषय सूची
- प्रतिवेदनमा समावेश भएका छोटारुपका शब्दहरु
- परिचय
- प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम ठेगाना
- प्रस्ताव सम्बन्धि विवरण
- प्रस्तावसँग सम्बन्धित नीतिगत तथा कानुनी व्यवस्था र मापदण्ड
- विद्यमान वातावरणीय अवस्था ( भौतिक, जैविक, आर्थिक, सामाजिक तथा सास्कृतिक ) पर्ने प्रभावहरु
- प्रस्ताव कार्यान्वयनको विकल्पको विश्लेषण
- प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव तथा तिनलाई कम वा रोकथाम गर्ने उपायहरु
- प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्ने कुराहरु
- निश्कर्ष तथा सुझावहरु
- सन्दर्भ सामग्रीहरुको सूची
- अनुसूचीहरु

## सन्धर्भ सामग्री


नेपाल सरकार, वातावरण संरक्षण ऐन २०५३

वातावरण संरक्षण नियमावली, २०५४

वन तथा भू-संरक्षण मन्त्रीज्यूको अध्यक्षतामा बसेको बैठकको निर्णय-२०७०/११/२०

नेपाल सरकार, वातावरण संरक्षण ऐन २०५३ तथा वातावरण संरक्षण नियमावली, २०५४

राष्ट्रिय योजना आयोग तथा आइ.यु.सि.यन, राष्ट्रिय वातावरणीय प्रभाव मुल्यांकन निर्देशिका, २०५०

http://www.lawcommission.gov.np/

केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय जनगणना, २०६८

|रकिल्ला | | | |
|---|---|---|---|
| उत्तर | दक्षिण | X-Co-Ordinate | Y-Co-Ordinate |
| कार्तिके | लिक्चे | ०२९४५१७ | ३०५३०५६ |
| कार्तिके | लिक्चे | ०२९४३७८ | ३०५२८९० |
| गाउँपालिका कार्यालय | कोथलिटार | ०२९४२९१ | ३०५२७१४ |
| गाउँपालिका कार्यालय | कोथलिटार | ०२९४०१३ | ३०५२२४३ |
| गाउँपालिका कार्यालय | कोथलिटार | ०२९३९६९ | ३०५१९१५ |
| गाउँपालिका कार्यालय | कोथलिटार | ०२९३७१२ | ३०५१७३२ |
| देखारि | देवतिश | ०२९३५७३ | ३०५१५०७ |
| देखारि | देवतिश | ०२९३३७९ | ३०५१४५४ |
| देखारि | धुसराङ | ०२९३४५७ | ३०५११९८ |
| भार्ता | लिक्चे | ०२९४५०७ | ३०५३३६७ |
| देखारि | कालिकाटार | ०२९४६५२ | ३०५३५४२ |
| ल्वाङ्गा | कालिकाटार | ०२९४७२१ | ३०५३८१५ |
| वार्ड न.७ | धुसराङ | ०२९३४३५ | ३०५१४४४ |
| वार्ड न.७ | धुसराङ | ०२९२००५ | ३०५१०९२ |
| | | ०२९१६६६ | ३०५०६१६ |
| | | ०२९१२४९ | ३०५०६७३ |
| | माजदानि | ०२९११६२ | ३०५१५५७ |
| | | ०२९१२०४ | ३०५११०८ |
| | | ०२९०८५४ | ३०५१६२५ |

## कैलाश गाउँपालिका

| सर्वे स्थान | विवरण | | चा | |
|---|---|---|---|---|
| | खोलाको नाम | ठेगाना | पूर्व | पश्चिम |
| 1 | | कैलाश गाउापालिका वार्ड नं. ३ कालिकाटार | टकुवा | देखारि |
| 2 | | कैलाश गाउापालिका वार्ड नं. ३ कालिकाटार | टकुवा | देखारि |
| 3 | | कैलाश गाउापालिका वार्ड नं. ३ कालिकाटार | टकुवा | लिक्चे |
| 4 | | कैलाश गाउापालिका वार्ड नं. ३ कालिकाटार | लिकचेडाडाँ | देखारि डाडाँ |
| 5 | | कैलाश गाउापालिका वार्ड नं. ३ कालिकाटार | लिकचेडाडाँ | देखारि डाडाँ |
| 6 | | कैलाश गाउापालिका वार्ड नं. ४ कालिकाटार | लिकचेडाडाँ | देखारि डाडाँ |
| 7 | | कैलाश गाउापालिका वार्ड नं. ४ कालिकाटार | लिकचेडाडाँ | कोयलिटार |
| 8 | | कैलाश गाउापालिका वार्ड नं. ४ कालिकाटार | लिकचेडाडाँ | कोथलिटार |
| 9 | | कैलाश गाउापालिका वार्ड नं. ७ कोथलिटार | कालिकाटार | कोयलिटार |
| 10 | कालिका खोला | कैलाश गाउापालिका वार्ड नं. ३ | कार्तिके | देखारि |
| 11 | | कैलाश गाउापालिका वार्ड नं. ३ | फास्टार | अम्बाटार |
| 12 | | कैलाश गाउापालिका वार्ड नं. ७ | तुलक्षिपुर | फाष्टार |
| 13 | | कैलाश गाउापालिका वार्ड नं. ७ काट्लिटार | कालिकाटार | मनहरि |
| 14 | | कैलाश गाउापालिका वार्ड नं. ७ काट्लिटार | कालिकाटार | मनहरि |
| 15 | | कैलाश गाउापालिका र राक्सिराङ को सिमाना | | |
| 16 | | कैलाश गाउापालिका र राक्सिराङ को सिमाना | कैलाश गाउापालिका | मनहरि |
| 17 | | कैलाश गाउापालिका र राक्सिराङ को सिमाना | कैलाश गाउापालिका | मनहरि |
| 18 | | कैलाश गाउापालिका र राक्सिराङ को सिमाना | कैलाश गाउापालिका | मनहरि |
| 19 | | कैलाश गाउापालिका र राक्सिराङ को सिमाना | कैलाश गाउापालिका | मनहरि |